नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल,काठमाण्डौ

# चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७५/०९/२६)

यस कार्यालयमा रहेका करिव १०० जना कर्मचारीहरूलाई आवश्यकता अनुसार चिया, खाजा तथा खाना खुवाउने सम्वन्धी कार्यका लागि चमेनागृह सञ्चालन गर्नु पर्ने भएकोले कार्यालयबाट तय गरेका कार्यक्षेत्रगत शर्त (Terms of Reference) मा उल्लेखित शर्तहरूको अधीनमा रही चमेनागृह संचालन गर्न ईच्छुक व्यक्ति,फर्म वा कम्पनीबाट चमेनागृह सञ्चालनको सिलबन्दी दरभाउपत्र आहवानको यो सूचना प्रकाशित गरिएको छ । यस सम्वन्धी बिस्तृत जानकारी कार्यालयको सूचना पाटी , आन्तरिक प्रशासन उपशाखा वा आन्तरिक राजश्व विभागको वेभसाईड www.ird.gov.np मा हेर्नहुन समेत अनुरोध छ ।

शर्तहरू :

१. ईच्छुक दरभाउपत्रदाताहरूले सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र चमेनागृह संचालन गर्ने कार्यको दरभाउपत्र फाराम वापत रू.३००।- (तीन सय) पछि फिर्ता नहुने गरी एभरेष्ट बैंक लि. बवरमहलको बैंक खाता नं. ००१०००१०६२००००० कार्यालय कोड नं. ३०-५०-३३-५३९ मा राजस्व शिर्षक नं. १४२२९ मा बुझाएको सक्कलै भौचर संलग्न राखी व्यक्तिको हकमा लिखित निवेदन साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र चमेनागृह संचालन गरेको वा काम गरेको कम्तीमा २ वर्षको अनुभव भएको प्रमाणित कागजात र फर्म वा संस्थाको हकमा रीतपूर्वकको नवीकरण गरिएको फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र , आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाण पत्रर चमेनागृह संचालन गरेको कम्तीमा २ वर्षको अनुभव भएको प्रमाणित कागजातको प्रमाणित प्रतिलिपिहरूका साथ निवेदन पेश गरी आन्तरिक प्रशासन उपशाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र नियमानुसार बिक्री भएका शिलबन्दी दरभाउपत्रहरू यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । साथै नियमामनुसार दर्ता हुन आएका बोलपत्रहरू सोही दिनको २.०० बजे कार्यालय प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्रदाता खोल्न बाधा पर्ने छैन ।

३. दरभाउत्रदाताले दरभाउपत्रसाथ जमानत बापतको धरौटी रकम रू.१०,०००(दश हजार) नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको को.ले.नि.का. काठमाण्डौको धरौटी खाता नं. १२०१२००००१००२५२४ कार्यालयको कोड नं. २७-३०५-५३ मध्यमस्तरीय करदाता कार्यालय, ववरमहलको विवरण उल्लेख गरी धरौटी जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र दाताले आफुले कवुल गरेको खाना ,खाजाको मुल्य दरभाउपत्रसाथ संलग्न खाना खाजाको परिकार सूचीको इकाइ महलमा अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । एकमुस्ट दरभाउपत्रमा उल्लेखित सवैभन्दा न्यूनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही दरभाउपत्रको मुल्यलाई स्वीकृत गरिने छ ।

५. दरभाउपत्र पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद, दाखिला र खोलिनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्र फाराम कार्यालयबाट तय गरेका कार्यक्षेत्रगत शर्त (Terms of Reference) मा उल्लेखित शर्तहरू राम्ररी अध्ययन गरी भरी पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्र फारामको प्रत्येक पानामा व्यक्तिको हकमा हस्ताक्षर गरी र फर्म वा कम्पनीको हस्ताक्षर गरी फर्मको छाप लगाउनु पर्नेछ ।

८. दाखिला भएको दरभाउपत्र पत्र स्वीकृत गर्ने/अस्वीकृत गर्ने अधिकार मध्यमस्तरीय करदाता कार्यालयमा रहनेछ ।

९. एक फर्म वा व्यक्तिको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

११. चमेननागृह संचालन सम्वन्धी कार्यालयलाई आवश्यक खाना,खाजाको सूची पाना थान-२(दुई) यसैसाथ संलग्न छ ।

१२. दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र चमेनागृह संचालन सम्वन्धी सम्झौता गरिसक्नुपर्ने छ । कार्यालयले तोकेको अवधिभित्र सम्झौता नगरेमा राखिएको धरौटी जफत गरी जफत रकम वरावर घटी कवोल गरेका क्रमश:दोश्रो,तेश्रो वा चौथो घटीवाला दरभाउपत्रदाताको कवोल अंक स्वीकृत गर्न सकिनेछ ।

१०. यस सूचनामा नपरेका वा छुट हुन गएका अन्य विषय दरभाउपत्र डकुमेन्ट र प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

( हरि प्रसाद तिमिल्सिना )
प्रमुख कर अधिकृत